# कृषिवस्तु निकासीमा गैरभन्सार अवरोध

प्रस्तुति: कारोबार संवाददाता　　मिति: 2012-04-18　　सम्बन्ध: अर्थ

चिया र दालजस्ता कृषिमा आधारित वस्तुको निकासीमा गैरभन्सार अवरोध मुख्य समस्या भएको एक अध्ययनले देखाएको छ । साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भारमेन्ट (सावती) ले वाणिज्य तथा आपूर्ति, कृषि तथा सहकारी मन्त्रालय र सम्बद्ध निजी क्षेत्रका प्रतिनिधिहरूसँग को समन्वयमा अध्ययन गरेको प्रतिवेदनले यस्तो देखाएको हो । निकासी वृद्धि भइरहेको तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो माग भएको चिया र दालमा गरिएको अध्ययनमा भन्सारदर र निकासी गर्ने बजारको कुनै समस्या नभएको उल्लेख छ । सावतीका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकार अधिकारीले यी वस्तु निकासी गर्दा आयतकर्ता राष्ट्रले नेपालले गरेको गुणस्तर प्रमाणीकरणलाई मान्यता नदिनु, भन्सार तथा क्वारेन्टाइनमा हुने लामो प्रक्रिया, समय–समयमा विभिन्न बहानामा लिइने अतिरिक्त करजस्ता गैरभन्सार समस्या सिर्जना गरिएको बताए ।

"एक त हामीसँग निकासी गर्ने वस्तुहरूनै कम छन्, अर्कोतर्फ कच्चापदार्थ प्रशोधन गर्ने, मूल्य अभिवृद्धि गर्ने पर्याप्त व्यापार पूर्वाधार र जनशक्ति अभावले माग भएका वस्तुहरू पनि आपूर्ति गर्न सकिएको छैन," अधिकारीले भने ।

अध्ययन अमेरिकी सहयोग नियोगको नेपाल इकोनोमिक, एग्रिकल्चर एन्ड ट्रेड (निट) एक्टीभीटीजको सहयोगमा भएको हो ।

यसबाहेक सरकारले कृषि उत्पादनमा अनुदान दिन नसक्नु, बैंकले यो क्षेत्रमा लगानी नगर्नुका साथै सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध नगराउनु, श्रम समस्या, आवश्यक भौतिक पूर्वाधारको अभाव पनि समस्या भएको अध्ययन प्रतिवेदनमा छ ।

भारतले नेपालबाट कच्चापदार्थ आयात गरी त्यही कच्चापदार्थमा मूल्य अभिवृद्धि गरी पुनः नेपालमै निकासी गरिरहेको अध्ययनमा उल्लेख छ । "चिया र दाल निकासीमा लागतअनुसारको मुनाफा हुन नसक्नुमा पर्याप्त स्रोत साधन र आधुनिक पूर्वाधार र गुणस्तर जाँच गर्ने आधुनिक प्रयोगशालाको अभाव छन्," अध्ययन प्रतिवेदनमा उल्लेख छ । भारत सरकारले कृषि उत्पादनमा अनुदान दिएकाले नेपाली कृषिउपजको तुलनामा भारतको उत्पादन लागत कम छ । नेपालले पनि कृषिमा अनुदान दिएर कृषि उत्पादनलाई प्रतिस्पर्धी बनाउने व्यवस्था हुनुपर्ने अध्ययनको सुझाव छ ।